# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सिरानचोक गाउँपालिका

### गोरखा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सिरानचोक गाउँपालिका

### गोरखा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## सिरानचोक गाउँपालिका

गोरखा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ५५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
सिरानचोक गाउँकार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले सिरानचोक गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड १२ लाख २१ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने बेरुजु रू. १७ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५९ लाख ५५ हजार, नियमित गर्नुपर्ने रु १ करोड ३५लाख ४६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६करोड ९२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ८ करोड ११लाख ४५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष/प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## सिरानचोक गाउँपालिका ,गोरखा
## चालु वर्षको बेरुजु २०७८।७९

### १. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३९ | ७६ | २१२२१ | ० | ० | ० | ३९ | ७६ | २१२२१ | १७२० | १३५४६ | ५९५५ | ० | ० | १९५०१ | ० |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिरानचोक गाउँपालिका, गोरखा | ६००९२ | ० | १६८ | ५९९२४ | ० | २१२२१ | ८११४५ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: सिरानचोक गाउँपालिका, गोरखा ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | उमेश कुमार यादव | २०७८-८-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | निर माया पुरी गिरी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २१,२२०,८७७.६८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २९,१४,५९,३३० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४,४७,८५,००० | **चालु खर्च** | ४०,८५,९५,६२९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,२६,१८,००० | **पूँजीगत खर्च** | १६,९१,४७,९४० |
| **राजश्व बाँडफाँट** | ७,२५,४५,४५२ | **वित्तीय/अन्य व्यवस्था** | १८,०४,६३,३७४ |
| **आन्तरिक आय** | ५३,९५,९०२ | | |
| **अन्य आय** | २०,२७,९७,००० | | |
| **कुल आय** | ७४,८१,४१,३५४ | **कुल खर्च** | ७५,८२,०६,९४३ |
| **बाँकी मौज्दात** | | २८,१३,९३,७४१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, १२१।६६वर्ग किलोमिटर क्षेत्रफल तथा २३६२८ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणका क्रममा असुली<br>छात्रवृती तथा कोटा अनुदान वढी निकासा रु. ४४६३९०।०० पारीश्रमिक कर रु. १८१६१।००करार महंगी भत्ता, अनुगमन तथा वैठक भत्ता १७५४३५।०० राजश्व नपुग रु.३७८४।०० र सामाजिक सुरक्षा फिर्ता रु७५०७६६।०० पदाधिकारी सुविधा ९९००० लगायत शिर्षकमा वढी भुक्तानी जम्मा रु.१५०६२४७।०० लेखापरीक्षणको क्रममा असुली भएको छ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तिय विवरण<br><table>
<tr><th colspan="4">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><td>विवरण</td><td colspan="3">यस वर्ष रु.</td></tr>
<tr><td></td><td>बजेट</td><td>आफैले गरेकोप्राप्ति/भुक्तानी</td><td>जम्मा</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| **प्राप्ती (क+ख)** | ५८६६३५०१६.३ | ५६५६९९०८७.७ | ५६५६९९०८७.७ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५७७४५६००० | ५५४८५५२८५.७ | ५५४८५५२८५.७ |
| ११००० कर | ८२९५७००० | ७९४७८३७७.४५ | ७९४७८३७७.४५ |
| १३००० अनुदान | ४७२७९९००० | ४६७४०३००० | ४६७४०३००० |
| संघीय सरकार | ४४५१८५००० | ४४४७८५००० | ४४४७८५००० |
| प्रदेश सरकार | २७६१४००० | २२६१८००० | २२६१८००० |
| १४००० अन्यराजस्व | १९७००००० | ६२३६९५३.२५ | ६२३६९५३.२५ |
| १५००० विविधप्राप्ति | २०००००० | १७३६९५५ | १७३६९५५ |
| ख. अन्यप्राप्ति | ९१७९०१६.३ | १०८४३८०२ | १०८४३८०२ |
| वितरण गर्नबाकी राजस्व | ० | २५६४८३० | २५६४८३० |
| कोषहरु | ९१७९०१६.३ | ५०६६९१९ | ५०६६९१९ |
| धरौटी | ० | ३२१२०५३ | ३२१२०५३ |
| संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ८७७३९८२८६.६६ | ५७९३६८१२७.७५ | ५७९३६८१२७.७५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ८६८२१९२७०.३६ | ५७७७४३५६९.७५ | ५७७७४३५६९.७५ |
| २१००० पारिश्रमिक / सुविधा | २७४४३८९९९.३६ | २४५२४५४०२.०६ | २४५२४५४०२.०६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १४०९८१८५१ | ८५११४९३९.९२ | ८५११४९३९.९२ |
| २५००० सहायता (Subsidy) | २८०७२३५० | २०९१७४४९.५ | २०९१७४४९.५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २६००० अनुदान | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १५५९०००० | २९०९४५३ | २९०९४५३ |
| २८००० अन्य खर्च | ६७७७७९२० | ५४४०८३८५.२७ | ५४४०८३८५.२७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ३४१३५८१५० | १६९१४७९४० | १६९१४७९४० |
| घ. अन्यभूक्तानी | ९१७९०१६.३ | १६२४५५८ | १६२४५५८ |
| कोषहरु | ९१७९०१६.३ | १८००५८ | १८००५८ |
| धरौटी | ० | १४४४५०० | १४४४५०० |
| संघीय, प्रदेशसरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| ङ. यो वर्षकोबचत (न्युन) | -२९०७६३२७०.३६ | -१३६६९०४०.०५ | -१३६६९०४०.०५ |
| च. गतवर्षकोजिम्मेवारी रकम (अ.ल्या) | | २९२४४३५ | २९२४४३५ |
| वर्षान्तकोबाकी रकम (ङ + च) | -२९०७६३२७०.३६ | -१०७४४६०५.०५ | -१०७४४६०५.०५ |
| बैंकतथा नगद बाकी | | -१०७४४६०५.०५ | -१०७४४६०५.०५ |

अन्तरसरकारी वित्तिय हस्तान्तरणतर्फको आम्दानी तथा खर्च

| आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | १६२१९११०४ | सामाजिक सुरक्षा तथा संरक्षण | १६२१९११०४ |
| एकिकृत स्वास्थ्य पुर्वाधार | ४०००००००० | एकिकृत स्वास्थ्य पुर्वाधार | ४०००००००० |
| गरिवसंग विश्वेश्वर कार्यक्रम | ४६४००० | गरिवसंग विश्वेश्वर कार्यक्रम | ४६४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| २०२७९७००० \| जम्मा \| २०२७९७००० | |
| ५ | | | **योजना व्यवस्थापन**<br>**योजना सुची तयार नगरेकोः** स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईएकोछ । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन । मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ ।<br>**योजना तर्जुमा तथा कार्यान्वयनः**स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने व्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन । कानुनमा भएको व्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ६ | | | **वैक हिसाव मिलान मिलान नगरेकोः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता अद्दावधिक गर्नुपर्दछ । | |
| ७ | | | **अवण्डा वजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष विभिन्न संघ सस्था साझेदारी कोष शिर्षक र भैपरी आउने पुँजिगततर्फ गरी एकमुष्ट रुपमा रु २ करोड ५२ लाख वजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कार्यक्रमगत प्रगतीः<br>पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ। कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्नेयोजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:
<table>
<tr><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>विनियोजन</th><th>खर्च</th></tr>
<tr><td>सिरानचोक ओधोगिक ग्राम घेरावार</td><td>९२००</td><td>०</td></tr>
<tr><td>विस्तारीत सेवा प्रवाह स्थल भवन निर्माण चित्रेपोखरी</td><td>६५००</td><td>०</td></tr>
<tr><td>सिरानचोक मध्यमार्ग निर्माण (लाङ्दी वेशी, उपल्लो गोहोरे, श्रीनाथकोट वडा कार्यालय झारगाउँ, भंगेरी,सिम्लेधारा खोला,गैरागाउँ,नामरुङ पात्ले,गाग्रे चित्रेपोखर</td><td>६५००</td><td>०</td></tr>
<tr><td>समपुरक (संघ प्रदेश गैरसरकारी संस्था जिल्ला समन्वय समिती )</td><td>५७४५</td><td>०</td></tr>
<tr><td>GPE को सहयोगमा कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम</td><td>५२००</td><td>०</td></tr>
<tr><td>कामका लागि पारि।मिक अनुदान थप</td><td>५१०५</td><td>०</td></tr>
<tr><td>काप्रे खानेपानी योजना श्रीनाथकोट</td><td>५०००</td><td>०</td></tr>
<tr><td>केराघारी शान्ती चौतरा वडारे वडा कार्यलय पाटी भञ्याङ सडक स्तरोन्नती</td><td>४९००</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण | ४६१० | ० | |
| | | | प्रकोप व्यवस्थापन कोष | ३५०० | ० | |
| | | | ward no 2 road improvement | ३४०० | ० | |
| | | | हर्मी भन्ज्याङ्ग चम्पावती हुदै ठाडे सडक | २८०० | ० | |
| | | | अस्थायी प्रहरी चौकी ट्रष्ट निर्माण चित्रेपोखरी | २५०० | ० | |
| | | | ४ नं वडा कार्यालय भवन | २४८९ | ० | |
| | | | ४ नं वडा कार्यालय भवन | २४०० | ० | |
| | | | धारापानी स्वास्थ्य एकाई | २००० | ० | |
| | | | चैनपुर कोदोङ्गबारी सडक स्तरोन्नति | २००० | ० | |
| | | | फिरफिरे डाडा खेपुवा सडक | २००० | ० | |
| | | | माग र कार्यप्रगतिका आधारमा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको भुक्तानी | २००० | ० | |
| | | | पदाधिकारी ईन्धन | १७०० | ० | |
| | | | श्रीनाथ विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम | १७०० | ० | |
| | | | सिरानचोक पर्यटन अध्ययन अनुसन्धान गुरु योजना | १६०० | ० | |
| | | | औषधीखरिद खर्च | १५०० | ० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विस्तारित सेवा प्रवाह स्थल घेराबार</td><td>१५००</td><td>०</td></tr>
<tr><td>प्राविधिक प्रयोगशाला भवन निर्माण</td><td>१५००</td><td>०</td></tr>
<tr><td>सिरानचोक गाउँपालिका गुरु योजना माटर प्लान</td><td>१३८२</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>रकमान्तरः<br>अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा वजेटमा पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख गरेको छ । यस पालिकाले गाउँसभावाट विभिन्न ९४ खर्च शिर्षकवाट ८ करोड ४३ लाख ३९ हजार रकम घटाएर २०३ योजनामा रकम वढाई कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>चौमासिक खर्चः<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।कुल खर्च मध्ये असारमा मात्र रु ८७२४६०००।०० खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><td rowspan="2">पूँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td rowspan="2">आषाढ महिनाको मात्र खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| पालिकातर्फ पूँजीगत खर्च | १५४१५१ | २८९३ | १९२७० | १३१९८९ | ८७२४६ |
| शर्शत पुंजिगत | १९९९७ | ० | ० | १९९९७ | |
| कुल खर्च | १७४१४९ | २८९३ | १९२७० | १५१९८६ | ८७२४६ |
| खर्च प्रतिशत | १०० | २ | ११ | ८७ | ५० |

११

**क्षेत्रगत बजेट र खर्चः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६२२४५००० | २६९८०२२५ | ४३.३५ |
| २ | सामाजिक विकास | ३६२४९९८५१ | २८३८९१०४६.४४ | ७८.३१ |
| ३ | पूर्वाधार विकास | २५४८८९००० | १२८१६२४४७.५ | ५०.२८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८७३६३९२० | ६१५१५२७२.२ | ७०.४१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०१२२१४९९.३६ | ७७१९४५७८.५४ | ७६.२६ |
| कुल जम्मा | | ८६८२१९२७०.३६ | ५७७७४३५६९.७५ | ६६.५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **योजना छनौट तथा कार्यक्रमः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः | |

| क्र सं | विवरण | योजना संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | १ लाख भन्दा कमका योजना | १३ | ८६५ |
| २ | १ लाख देखि ५ लाख सम्मका योजना | २८१ | ७२२८४ |
| ३ | ५ लाख देखि १० लाख सम्मका योजना | ३६ | २६४८८ |
| ४ | १० लाख देखि ५० लाखसम्मका योजना | ४ | ६९०० |
| ५ | ५० लाख भन्दा माथिका योजना | ० | ० |
| | जम्मा | ३३४ | १०६५३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **विभाज्य कोषः**<br>गण्डकी प्रदेश सरकारवाट जारी भएको कर तथा गैरकर सम्वन्धि निर्देशिका २०७५ को दफा २३ मा स्थानीय तहले संकलन गर्ने विज्ञापन कर, मनोरञ्जन कर, दहत्तर वहत्तर शुल्कको रकम विभाज्य कोषमा रहने र यसरी संकलन भएको विभाज्य कोषको रकममध्ये ६० प्रतिशत स्थानीय तहको सञ्चित कोष र ४० प्रतिशत रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुने व्यवस्था भएकोमा पालिकाको आ व २०७८।७९ को अन्त्यसम्ममा रु.२५६४८३०।०० | १,०२५,९३२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विभाज्यकोषमा बाँडफाँड नभई रहेकोले कोषमा रहेको रकमको ४० प्रतिशत रु.१०२५९३२।०० प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>राजस्व ढिला दाखिलाः<br>गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २४ मा नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंकमा दाखिला गर्नुपर्ने, बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए दाखिला गर्न वाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।नमुना छनौटका आधारमा परीक्षण गर्दा स्थानीय तह अन्तर्गतका देहायवमोजिम वडाहरुले मासिक रुपमा र ४।५ महिना पछि मात्र दाखिला गरेकाले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।केहि उदाहरणहरुः
<table>
<tr><td>संकलन गर्ने</td><td>राजस्व रकम</td><td>दाखिला मिति</td><td>संकलन मिति</td></tr>
<tr><td>वडा न. २</td><td>७६५७५</td><td>१२/२४/२०७८</td><td>श्रावण १ गते देखि चैत ३ गते सम्मको</td></tr>
<tr><td>वडा न. २</td><td>२३३६४२</td><td>०३/०६/२०७९</td><td>चैत ४ गते देखि असार ५ गते सम्मको</td></tr>
<tr><td>वडा न. २</td><td>४६७०६</td><td>०३/२३/२०७९</td><td>असार ६ गते देखि असार २३ गते सम्मको</td></tr>
<tr><td>वडा न. ३</td><td>७६५७५</td><td>१२/०२/२०७८</td><td>श्रावण १ गते देखि चैत १ गते सम्मको</td></tr>
<tr><td>वडा न. ३</td><td>१५९९४८</td><td>०३/०६/२०७९</td><td>चैत २ गते देखि असार ५ गते सम्मको</td></tr>
<tr><td>वडा न. ३</td><td>१२५९५</td><td>०३/२३/२०७९</td><td>असार ६ गते देखि असार २३ गते सम्मको</td></tr>
<tr><td>वडा न. ८</td><td>२१२५४०</td><td>१०/२२/२०७८</td><td>श्रावण १ गते देखि माघ २१ गते सम्मको</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा न. ८</td><td>२३५६७३</td><td>०३/०२/२०७९</td><td>माघ २२ गते देखि असार १ गते सम्मको</td></tr>
<tr><td>वडा न. ८</td><td>१९७८६</td><td>०३/२०/२०७९</td><td>असार २गते देखि असार २० गते सम्मको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
रकम उल्लेख नगरी रसिद कट्टी गरेकोः<br>
आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा राजस्वको अभिलेख अध्यावधिक गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट आर्थिक वर्षको सुरुवातमा नगदी रसिद छपाई गरी राजश्व संकलन गरिएकोमा नमुनf छनौटको आधारमा देहायका वडामा वितरण गरिएका नगदी रसिदको परीक्षण गर्दा देहायका रसिद नम्बरमा रकम उल्लेख नै नगरी कट्टी गरेको देखिएकाले के कति मात्रामा आम्दानी भयो र आम्दानी बाँधेको रकम यथार्थ हो होइन भनी एकिन गर्न सकिएन। रकम उल्लेख नगरी राजश्व काटीएको सम्बन्धमा छानविन गरी सम्वन्धितवाट व्याज समेत असुल गर्नुपर्दछ।
<table>
<tr><td>रसिद</td><td>वडा न.</td><td>रकम उल्लेख नगरेको रसिद न.</td></tr>
<tr><td>मालपोत रसिद न. ८६२७ देखि ८६५०</td><td>३</td><td>८६२७ र ८६५०</td></tr>
<tr><td>नगदी रसिद न. १०१५१ देखि १०२००</td><td>३</td><td>१०१६४, १०१६५, १०१६६, १०१६७, १०१६८, १०१६९ र १०१७१</td></tr>
<tr><td>मालपोत रसिद न. ८९५१ देखि ९०००</td><td>३</td><td>८९७८</td></tr>
<tr><td>मालपोत रसिद न. ८७०१ देखि ८७५०</td><td>३</td><td>८७४४ र ८७५०</td></tr>
<tr><td>मालपोत रसिद न. ७८०१ देखि ७८५०</td><td>३</td><td>७८१९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>·सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>·यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।<br>·वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>·निजामती सेवा ऐन, २०४९दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>·आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>·विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>·वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>·स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>·सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>· निजामती सेवा ऐन, २०४९को दफा ५ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको तथा भएकोमा समेत निस्क्रियताको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ·सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>·सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>·निजामती सेवा ऐन, २०४९ को दफा ७(२)ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १ करोड २८ लाख (श्रावणको तलवलाई आधार लिँदा) खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको,<br>·पालिकाको स्विकृत दरवन्दी अनुसार कुल ५४ दरवन्दीमध्ये ३४ पदपुर्ती भई २० दरवन्दि रिक्त देखिन्छ। पालिकाले समयमै पदपुर्ती गरी सेवा प्रवाह प्रभावकारी वनाउनुपर्दछ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १७ | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट ४९ लाख ११ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानाकारी गराएको छ। ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १८ | | | **अनुगमन तथा भ्रमण खर्चः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. २६ लाख ४७ हजार खर्च | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| १९ | | | **सवारी साधन भाडाः** स्थानिय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ। पालिकाको स्वामित्वमा आ व २०७८।७९ मा एक वटा गाडी सञ्चालनमा रहेको भएता पनि विभिन्न समयमा कार्यालय प्रयोजन भनि गाडी भाडामा लिई भुक्तानी गरेको छ। पालिकाले गाडि धनीसंग गरेको सम्झौतामा स्पष्ट प्रयोजन नखुल्ने तथा भाडाको गाडी कहाँ प्रयोग भएको भनी स्पष्ट गरेको छैन। साथै अनुगमन मुल्याकंन भनी गाडी भाडा भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन र योजनाको दुरी समेत उल्लेख गरेको छैन। पालिकासंग एक सवारी साधन हुदाँ हुदै दैनिक तथा मासिक भाडा रकममा सम्झौता गरी गाडी भाडा भुक्तानी गर्नुले पालिकामा थप व्ययभार सिर्जना भएको देखिन्छ। पालिकाले यस्तो खर्च गर्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। केहि उदाहरण निम्नवमोजिम रहेका छन। | |

| गो भौ नं | प्रायोजन | भुक्तानी रकम |
|---|---|---|
| ४९ | सवारी साधन भाडा | ३९०००० |
| ९५ | सवारी साधन भाडा श्रावण १ देखि फाल्गुन सम्म प्रतिदिन ५५०० का दरले | ५८५५०० |
| ९७ | सावरी साधन भाडा मंसिर र माघ महिनाको | १४८५०० |
| १२३ | सवारी साधन भाडा माघ महिना | ७१५०० |
| १७४ | सवारी साधन भाडा | २७९५०० |
| २०७ | सवारी साधन भाडा | १३७५०० |
| ३४७ | सवारी साधन भाडा | २३१००० |
| | जम्मा | १८४३५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **कर्मचारी प्रोत्साहन भत्ताः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष ३१ जना कर्मचारीलाइ खाजा भत्ता भनि रु.५४००००।०० सभा सञ्चालन भत्ता वापत रु.४८०४००।०० र कर्मचारी प्रोत्साहन वापत रु.४८५१२०।०० गरी जम्मा रु.१५०५५२०।०० भुक्तानी दिएको देखियो । प्रोत्साहन वापत खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। | |
| २१ | | | **करार कर्मचारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। पालिकाले यस वर्ष २० जना कार्यालय सहयोगी वाहेक पालिकतर्फ १५ जना र स्वास्थ्यतर्फ ६ जना गरी कुल २१ जना कर्मचारी करारमा राखि मासिक रु.४०२४७०।०० का दरले रु.५२३२११०।०० खर्च लेखेको छ । करार कर्मचारीहरुमध्ये २ जना साहायक,१० जना सामाजिक परिचालक, १ जना सव इन्जिनियर, १ जना असिष्टेण्ट सव इन्जिनियर, १ जना अमिन र स्वास्थ्य तर्फ ६ जना करारमा नियुक्ति गरी खर्च लेखेको छ।कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि कर्मचारीको स्थायी पदपुर्ती गर्नुपर्दछ। | |
| २२ | | | **सेवा प्रवाह विवरणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा दर्ता ९१३ वटा, मृत्युदर्ता ३१४ वटा, नाता प्रमाणित ७१२ वटा, घरवाटो शिफारिश ५२८ वटा, नागरीकता शिफारिश १६३९ वटा वसाइसराइ १६० र अन्य २९८० वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>कानुन निर्माण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १० ऐन, ५ नियमावली, ८ निर्देशिका १३ मापदण्ड, ३२ कार्यविधि र निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः<br>पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>वितरणमुखी खर्चः<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा रु. १३ लाख हजार खर्च गरेको देखिन्छ। यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>गो भौ न</th><th>कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>६७</td><td>खेलकुद कार्यक्रम न्यू सहयात्री सामना युवा क्लव</td><td>५००००</td></tr>
<tr><td>७३</td><td>फुटवल प्रतियोगिता युनाइटेड युथ क्लव</td><td>३०००००</td></tr>
<tr><td>१०३</td><td>खेलकुद सामाग्री वितरण न्यू दौतरी समुह</td><td>२०००००</td></tr>
<tr><td>१४३</td><td>लप्से भंगेरी झारागाँउ ल्होसार समुह</td><td>५००००</td></tr>
<tr><td>१५४</td><td>युवा खेलकुद युनाइटेड युथ क्लव</td><td>५००००</td></tr>
<tr><td>१७५</td><td>हिमाली तमु युवा समुह</td><td>५००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२९४</td><td>सस्कृती प्रर्वद्धन गुरु गोरक्षधाम सिद्धाश्रम केन्द्र</td><td>२५००००</td></tr>
<tr><td>२९५</td><td>युवा तथा मनोरञ्जन</td><td>१५००००</td></tr>
<tr><td>२८५</td><td>सिरनाथ मण्डली पुजा व्यवस्थापन</td><td>२०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१३०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>आर्थिक साहायताः<br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु.३६५०००।०० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ= व= मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्।<br><table>
<tr><td>गो भौ न र मिति</td><td>आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम</td><td>सहायता रकम</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२८</td><td>८ जनालाई आर्थिक साहयता</td><td>२१००००</td></tr>
<tr><td>१३३</td><td>लक्ष्मी वस्नेत</td><td>२५०००</td></tr>
<tr><td>१४३</td><td>शंकर वराम</td><td>३००००</td></tr>
<tr><td>१४३</td><td>चिन काजी गुरुङ</td><td>१०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३६५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>दलित शसक्तिकरण कार्यक्रम<br>सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा गैरसरकारी सस्थावाट कार्य गराँउदा त्यस्तो कामको आवश्यकता किसिम समयावधि कामको गुणस्तर तथा लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको र ९९(२) मा गैरसरकारी सस्थावाट काम गराउँदा नियम १८ वमोजिम मौजुदा सुचिमा समावेश भएका गैरसरकारी सस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तर तथा स्थानीयस्तरको दैनिक समाचारमत्रमा सुचना प्रकाशन गरी सो सस्थावाट प्रस्ताव माग गरी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष भौ नं ६६ वाट दलित संजाल मार्फत दलित शशक्तिकरण कार्यक्रम गरी दलित एकता सञ्चाललाई रु.३३०७५५।०० भुक्तानी गरेको छ।यसरी गैरसरकारी सस्थावाट कार्य गरेकोमा सुचना प्रकाशन नगरी एवम् सम्वन्धित कार्यको नर्म्स वमोजिम लागत अनुमान तयार नगरी गैरसरकारी सस्थाकै लागत अनुमानलाई मुल्यांकनको आधार वनाई कम लागत भएकालाई कार्य गराएको देखिन्छ।पालिकाले गैरसरकारी सस्थावाट कार्यक्रम सञ्चालन गर्दा कानुनमा तोकिएको पक्रियाको अवलम्वन गरी कार्यक्रम खर्च गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>कम करकट्टी गरी भुक्तानी<br>आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत करकट्टी गरी भुक्तानी गर्नुपर्नेमा भौ नं ३१।२०७८।०७।१३ वाट कानुनी परामर्शदातालाई भुक्तानी गर्दा १.५ प्रतिशत करकट्टी गरी भुक्तानी गरेकोले कानुनी परामर्शदाता गोपाल पाण्डेवाट रु. १६२००,चैतन्य ल एसोसिएट्स वाट रु. ५४०० र कानुनी सल्लाहकार केन्द्र वाट रु. ४७२५।०० गरी जम्मा रु. २६३२५।०० असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.</td><td>२६,३२५</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>गत वर्षको भुक्तानी</td><td>१,४०२,२७२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) तलव, महङ्गी भत्ता, सरुवा भ्रमण खर्च, पोषाक,घरभाडा, सेवा निवृत सुविधा लगायतका शिर्षकमा चालु आर्थिक वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उक्त नियममा उल्लेख भए वाहेकको देहायवमोजिमका शिर्षकमावजेटमा समावेश गरी गत वर्षको खर्च लेखि भुक्तानी दिएको साथै भुक्तानी दिन वाँकिको विवरण समेत वनाएको देखिएन। यसरी चालु प्रकृतिका दायित्व सार्न नमिल्ने शिर्षकहरुको दायित्व सिर्जना गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु..<br><br>भौ नं \| विवरण \| रकम<br>२३ \| गत वर्षको विविध खर्च भुक्तानी \| ३०१४९०<br>२४ \| गत वर्षको सोलार मर्मत खर्च \| ४८३४००<br>२५ \| गत वर्षको फर्निचर खरिद, औषधी खरिद, आर्थिक सहायता र भ्रमण खर्च भुक्तानी \| ६१७३८२<br>जम्मा \| \| १४०२२७२ | |
| ३० | | | **ठेक्का लगत नराखेको**<br>ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । यस पालिकाको कार्यालयले ठेक्कागत अभिलेख खाता र ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको पाईएन । मलेप फा नं ५०६ र ५०७ अनुसारको लगत राख्नु पर्दछ । | |
| ३१ | | | **नीति तथा कार्यक्रम र बजेट व्यवस्था** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | "समृद्ध, सुन्दर, ऐतिहासिक सिरानचोकको शानः समावेशी, वातावरण अनुकुलित, सन्तुलिन विकासको अभियान" साथ धेरै प्राथमिमकता क्षेत्र तोकिएको, एक घर एक बगैचा कार्यान्वयन नगरेको अति विपन्न परिवारका सदस्यहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै "श्रीनाथ विपन्न परिवार स्वास्थ्य बिमा कार्यक्रम" संन्चालन नगरिएका,"सिरानचोकको शिक्षामा प्रतिभा खोजि कार्यक्रम" अन्तगत अतिरिक्त क्रियाकलाप, शैक्षिक प्रर्दर्शनि सामग्रि निर्माण, उत्कृष्ट बिद्यालय शिक्षक प्रोत्साहन, कमजोर सिकाई भएका बिद्यालयहरुलाई थप सहयोग नगरिएको, "एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी योजना सञ्चालनमा जोड दिएपनि अझै २५ प्रतिशत खानेपानीबाट बञ्चित भएको, गाउँपालिका क्षेत्र भित्रै रोजगारको अवसर श्रृजना गरी जनशक्ति विदेश पलायन हुनवाट रोकिने र स्थानीय उत्पादनलाई जोड दिइने भनेपनि रोजागार तथा वेरोजगारको स्थिती विश्लेषण भई काम भएको देखिदैन । यस्ता नीति तथा कार्याक्रमसँग वजेटको तालमेल गरेको देखिदैन । नीति तथा कार्यक्रम र वजेट विच तालमेल गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ३२ | | | **वित्तिय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>· पालिकाको सुत्रको म ले प फा नं २७२ को वित्तिय प्रतिवेदनमा अन्तिम मौज्दात रु. १०७४४६०५।०५ ऋणात्मक देखाएको छ भने सञ्चित कोष, धरौटी खाता, प्रकोप व्यवस्थापन कोष, विभाज्य कोष र विविध खर्च खाताको वैक मौज्दात रु. २८१३९३७४१।५९ देखिन्छ। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी वैक र श्रेस्ताव फरक पर्नुको कारण पत्ता लगाई श्रेस्ता अद्यावधिक गर्नुपर्दछ।<br>· पालिकाको गत वर्षको जिम्मेवारी रु. २९१४५९३३०।३६ जिम्मेवारी सारेकोमा सुत्रको वित्तिय प्रतिवेदनमा रु.२९२४४३५।०० मात्र जिम्मेवारी सारेको देखिन्छ। पालिकाले वैक मौज्दात शिर्षकमा आम्दानी नवाँधी आन्तरिक श्रोत तर्फ आम्दानी वाधेको कारण जिम्मेवारी कम देखिएको तर जिम्मेवारी कम नसारिएको पालिकाको भनाई रहेको छ। पालिकाले आर्थिक संकेत वर्गिकरण र व्याख्या अनुसार लेखांकन गरि प्रतिवेदनलाई यथार्थपरक वनाउनुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·पालिकाले आ व २०७७।७८ को मालपोत आम्दानी रु.६९६०६०।०० लाई गत वर्ष आम्दानी वाँध्नुपर्नेमा यो वर्ष सञ्चित कोषको आम्दानी मानी आम्दानी वाधेको देखिन्छ।पालिकाले जुन आय वर्षको आम्दानी हो सोही आय वर्षमा आम्दानी वाँधि अभिलेखांकन गर्नुपर्दछ।<br>·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>·एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन । | |
| ३३ | | | **पुजीगतबाट चालु प्रकृतीको खर्च**<br><br>एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या निर्देशिका २०७४ अनुसार बजेट तथा खर्च लेखांकन गर्नु पर्ने उल्लेखछ । ३०२।०७९।३।१६ गोरखा सांस्कृतिक समाज काठमाडौंलाई सिरानचोक कोटमा कार्यक्रम गरी स्मारक प्रकाशन क्यामेरा खर्च तथा प्रमाणपत्र व्याच लगायतका लागि रु.४८९०००। खर्च गरेकोछ ।कृषि तर्फको कार्यक्रम ३९७/०७९।३।२२ बेमौसमी खेती तालिम तथा टनेल प्रविधीमा रु.४०००००।०० खर्च पुजीगत तर्फ लेखेको उचित देखिएन । जस मध्ये प्लाष्टिक टनेल खरिद रु.२९९४०५।०० मा गरेकोमा सो बाँडेको भर्पाइ समेत पेश भएन । एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या निर्देशिकाको पालना गरी वजेट व्यवस्था तथा खर्च गर्नुपर्दछ । | ८८९,००० |
| ३४ | | | **परामर्श खर्च** | |
| ३४.१ | | | सार्वजानिक खरिद नियमावली २०६४ को नियम १११ (२) अनुसार खरिद सम्झौता कार्यान्वयनको सुपरीवेक्षण गर्ने सार्वजनिक निकायले आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको खरिद सम्झौतामा उल्लिखित अधिकारमा प्रतिकूल असर नपर्ने गरी खरिद सम्झौताको शर्त अनुसार खरिद सम्झौता कार्यान्वयन भए नभएको सुपरीवेक्षण गर्न सक्नेछ ।४२३।२०७९।३।२३ चित्रे पोखरी देखि जौबारी सम्मको २५ किलो मिटर सिरानचोक चक्रपथ निर्माणको विस्तृत आयोजना प्रतिवेदन निर्माण गर्नको लागि रु.१८९३४२८।०० मा इन्जिनियरिङ सर्भिस एण्ड डिजास्टर रिस्क म्यानेजमेन्ट कन्सल्ट प्रा लि ललितपुरसँग संझौता गरेकोमा टर्म अफ रिफरेन्स(TOR) मा उल्लेखित २५ किलोमिटरको डिपिआर गर्नु पर्नेमा २३.६ किलोमिटर मात्र गरी रु.१७८७३९६।०० भुक्तान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको देखिन्छ । सम्पुर्ण कार्य गरीनु पर्नेमा १.४ किलोमिटरको डिपिआर नगरी कार्यसम्पन्न गरेको भनि भुक्तानी दिनु संझौता विपरित भएकोले उचित देखिएन । | |
| ३४.२ | | | सार्वजानिक खरिद नियमावली २०६४ को नियम १२(४) अनुसुची १(क) अनुसार परामर्श सेवा र अन्य सेवाको लागत अनुमान तयार गर्नुपर्ने उल्लेखछ छ ।अमरसिंह पार्क भाले ढुङ्गा गाग्रे डाँडा वडा नं ८ को विस्तृत आयोजना प्रतिवेदनको लागि थ्राईभ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि सँग रु ७९८९१०।०० संझौता गरी कार्य सम्पन्न गरेको छ । लागता अनुमान नियममा उल्लेखित व्यवस्थाको विपरित टोपोग्राफि सर्भेकोलागि लमसममा रु.३०००००।०० आर्किटेक्चरल डिजाईनमा रु.२८९५००।०० र अन्यमा रु.११७९०० गरी रु.७०७४००।०० र सोमा मुल्यअभिबृद्धि कर रु.९१९६२।०० गरी जम्मा रु.७९९३६२।०० लागत अनुमान तयार गरेको देखिन्छ । परामर्शदातालाई Term of Reference समेत नदिएको देखिएकाले परामर्शदाताले दिएको प्रतिवेदनले पालिकाको पार्क बनाउने आवश्यकता पुरा गर्ने नगर्ने यकिन भएन । नियमको पालना गरी परामर्श खरिद कार्य गरिनुपर्दछ । | |
| ३५ | | | **भवन व्यवस्था विना ल्याव सामान खरिद**<br>४१९।०७९।३।२३ सार्वजानिक खरिद ऐन २०६३ को दफा ४(१) मा मालसामान खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेशन योजना विशेष आवाश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ । प्राविधिक ल्याव परीक्षण केन्द्र सञ्चालनको लागि बालुवा गिट्टीको साईज छुटाउने कन्क्रिट टेस्ट, डण्डी टेष्ट, गिटी टेष्ट, ह्यामर टेष्ट, अमिन मेशिन कम्पास जस्ता ३५ आईटमको यन्त्र उपकरण तथा सामाग्री सिन्धु ईन्जिनियरिङ्गबाट रु १९२५७२५।६० मा खरिद गरेकोछ ।उल्लेखित कानुनको परिपालना नगरी खरिद गरेको देखिन्छ । लेखापरीक्षण अवधि सम्म अफिस परिसरमा ल्याव भवन बन्दै गरेको तर जस्ता छाना रङ्गरोगन भुई ढलान अझै बाँकी रहेकोले वडा नं ५ मा स्टोर गरीराखेको कार्यालयको भनाई छ । सामान जडान गरी कार्य गर्नका लागि भवन व्यवस्था नभई सामान खरिद गर्दा सो सामानको उपयोगिता ह्रास हुने तथा बिग्रीने संभावना रहने देखिन्छ । यसरी भवन विना सामान खरिद गर्नु उचित देखिएन । | १,९२५,७२५ |
| ३६ | | | **परामर्श सेवा खरिद**<br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गरी रु.४५२६१३५।०० खर्च लेखेका छन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौ नं | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १३१ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर | ४९७२०० |
| १३५ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च सफ्टवेयर खरिद | जियोसफ्ट टेक्नोलोजि प्रा लि | १९६६७६५ |
| ३२३ | भु उपयोग योजना | तिलिचो इन्जिनियरिङ प्रा लि | १४५०९२० |
| ३३१ | सडक डिपिआर | इन्जिनियरिङ सर्भिसेज एण्ड डिजास्टर रिक्स मेनेजमेन्ट कन्सल्टेण्ट | ६११२५० |
| | जम्मा | | ४५२६१३५ |

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।

**सेवाको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।

**सोझै खरिद कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिकाको भित्रका विभिन्न कार्यको लागि ५ लाख भन्दा कमको ३ प्रति कोटेशन लिई परामर्शदातकै दरमा भुक्तानी दिएको छ। विभिन्न कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान वेगर नै परामशर्दाताको दरमा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेको देखिन्छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **वीमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।<br>**वाह्य परामर्शदातावाट कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु ४५२६१३५। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन । | |
| ३७ | | | **पाइप तथा जाली खरिद**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(१) मा सार्वजनिक निकयाले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधिको उल्लेख गरेको छ।सार्वजनिक खरिद तथा नियमावली वमोजिम खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। नियमावलीको नियम ७ मा खरिदको गुरुयोजना र नियम ८ मा वार्षिक खरिद योजना स्विकृत गराई खरिद गर्नुपर्न व्यवस्थाहरु रहेका छन।कार्यालयले वार्षिक खरिद योजना वनाई सोहि वमोजिम खरिद गर्नुपर्नेमा एकै प्रकारको सामाग्री पाइपलाई सिञ्चाई पाइप र खानेपानी पाइप भनी लागत अनुमान तयार गरी शिलवन्दी दरभाउपत्रवाट एउटै फर्मवाट खरिद गरेको देखिन्छ।साथै सिञ्चाई पाइप, खानेपानी पाइप तथा जाली खरिदको सिलवन्दी दरभाउपत्र लगायतका श्रेस्ता परीक्षण गर्दा २०७८।०३।२३ गते एकै दिनको ३ प्रकारको सामाग्रीको सम्झौता गर्न आउने सुचना, सोही मितिको सम्झौता, सोही दिनको जिन्सी दाखिला, र मुल दर्तामा सिलवन्दी दरभाउपत्र दर्ता नगरी पुर्वाधार शाखामा सम्वन्धित ३ ठेक्काको दर्ता गरेको देखिन्छ।पालिकामा सप्लायर्सले २०७८।०३।२४ मा भुक्तानी माग गरेको निवेदन प्राप्त भएकोमा भुक्तानी सिफारिसको टिप्पणी समेत सम्झौताकै दिन उठेको र तिनवटा शिलवन्दीको एउटै सप्लायर्स भाइचन्द्र श्रेष्ठलाई खानेपानी पाइपको रु.१७९१६१५।०० सिञ्चाई पाइपको रु. १८७९५२९।०० तथा जाली खरिदको रु.१४९४१४२।०० गरी रु ५१६५२८६।०० भुक्तानी भएको देखिन्छ।यसरी एकै प्रकृतीको सामाग्रीलाई टुक्रा पारी खरिद गरिएको तथा प्राप्त सामाग्री समेत सबै तोक आदेश निवेदनको आधारमा वितरण भएको तथा प्रयोग नखुलेको रकम अनियमित देखिएको रु | ५,१६५,२८६ |
| ३८ | | | **वढी दरमा भुक्तानीः** | १००,०१७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्वन्धित कार्यको स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था रहेककोमा पालिकाले देहायवमोजिम पहिरो पन्छाउने कार्यको भुक्तानी गर्दा मेसिनवाट माटो खन्ने दर राखि भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम सम्वन्धितवाट असूल गर्नुपर्ने रु...
<table>
<tr><th>गो भौ नं</th><th>कामको विवरण</th><th>कामको परिमाण</th><th>भुक्तानी दर</th><th>भुक्तानी हुनुपर्ने दर</th><th>फरक दर</th><th>वढी भुक्तानी</th><th>भुक्तानी पाउने</th></tr>
<tr><td>११३</td><td>चित्रे पोखरीदेखि पात्ले जाने सडक</td><td>१८०८</td><td>९३।४२</td><td>४८।०४</td><td>४५।३८</td><td>८२०४७</td><td>नामरुक कन्ट्रक्सन एण्ड सप्लायर्स</td></tr>
<tr><td>२५९</td><td>चित्रेपोखरी वेशी धारपानी सडक मर्मत</td><td>११७३</td><td>५८</td><td>४८</td><td>१०</td><td>११७३०</td><td>ए वान कन्ट्रक्सन प्रा लि</td></tr>
<tr><td>२९४</td><td>करेली थुम्का देखीचिउरीवोट सडक मर्मत</td><td>६२४</td><td>५८</td><td>४८</td><td>१०</td><td>६२४०</td><td>स्वस्तिक कन्ट्रक्सन</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१०००१७</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बाटो सरसफाई भुक्तानी<br>बाटो सरसफाईः सडक विभागको पहिरो तथा सामान्य ढुङ्गा सोहोरी सफा गर्ने कामको नर्म्स नं २९.१९ मा ५०० घनमिटर कामको लागि दक्ष १ र अदक्ष ३ तथा मेशिन ६ घण्टा लाग्ने उल्लेख छ । जिल्ला दर रेट अनसार १ दक्ष ज्यामीको रु.११५० र ३ अदक्षको रु.८१० का दरले रु२४३० गरी ज्यामि लागत रु ३५८० तथा विभागीय हायर दर अनुसार एक्जाभेटरको प्रतिघण्टा रु.१८००।०० र ईन्धन लगायत अन्य खर्च समेत रु।४४५५।०० प्रति घण्टाका दरले ईक्यिपमेन्ट लागत रु २६७३० गरी जम्मा ५०० घनमिटरको लागि रु ३०३१०।०० लाग्ने देखिएकाले १ घनमिटरको रु ६०.६२ लागत पर्न जानेदेखिन्छ । पालिकाको निम्न स्थान तथा मितिको सडक सरसफाई भुक्तानी गर्दा बढी दरमा भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।</td><td>४६१,६४५.६८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गा भ न र मीति</td><td>आयोजनाको नाम</td><td>भएको दर</td><td>हुनुपर्ने दर</td><td>बढी</td><td>परिमाण</td><td>जम्मा रु</td></tr>
<tr><td>३।०७८।७।१३ थ्रिस्टार</td><td>वडा न ६ सडक सरसफाइ</td><td>७०.६</td><td>६०.६२</td><td>९.९८</td><td>३६९८.७५</td><td>३६९१३.५३</td></tr>
<tr><td>३।०७८।७।१३ हरमटारी</td><td>वडा न १ सडक सरसफाइ</td><td>७०.६</td><td>६०.६२</td><td>९.९८</td><td>३६९९.८८</td><td>३६९२४.८</td></tr>
<tr><td>१४।०७८।१०।२०</td><td>वडा न ४ सडक सरसफाइ</td><td>७०.६</td><td>६०.६२</td><td>९.९८</td><td>२४३६.७५</td><td>२४३१८.७७</td></tr>
<tr><td>२९।०७८।११।३०</td><td>वडा न ७ सडक सरसफाइ</td><td>७०.६</td><td>६०.६२</td><td>९.९८</td><td>४२९८.५</td><td>४२८९९.०३</td></tr>
<tr><td>४२।०७८।१२।११</td><td>वडा न ८ सडक सरसफाइ</td><td>७०.६</td><td>६०.६२</td><td>९.९८</td><td>३६९८.२५</td><td>५६९०८.५४</td></tr>
<tr><td>८९।०७९।१।७अनुपम</td><td>वडा न ५ सडक सरसफाइ</td><td>७०.६</td><td>६०.६२</td><td>९.९८</td><td>२४३२.७५</td><td>२४२७.८५</td></tr>
<tr><td>८९।०७९।१।७</td><td>वडा न ३ सडक सरसफाइ</td><td>७०.६</td><td>६०.६२</td><td>९.९८</td><td>३०४९.१३</td><td>३०४३०.३२</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>२३३१४.०१</td><td>२३०८२२.८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>दर विश्लेषण भन्दा बढी भुक्तानी<br>दर विश्लेषण भन्दा बढी भुक्तानीः पालिकाको सडक खन्ने कार्यको दर विश्लेषणमा उपभोक्तासँग कार्य गराउदा सामान्य माटो भएको अवस्थामा सडक खन्ने कामको लागि रु ५१.३७ रहेकोमा रु ५४.८१ भुक्तानी गरेकोले दर विश्लेषण भन्दा प्रति घनमिट बढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ ।</td><td>१९८,८२१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| कार्यालयको दर विश्लेषण | | | | | | |
|---|---|---|---|---|---|---|
| Dor Norms 2072-9.1(905) lb Raodway exavation in all type of soil by mechanical means for 360 m3 | | | | | | |
| Resource : lobour skilled | md | 1 | 1150 | 1150 | User | Contractor |
| unskilled | md | 3 | 810 | 2430 | | |
| Resource excavator | hrs | 6 | 2484.74 | 14908 | 51.37 | 59.06 |
| | | Sub total | | 18488 | | |
| | | 15% overhead | | 2773.26 | | |
| | | Total | | 21261.73 | | |
| | | | | 59.06 | | |
| गा भ न र मिति | आयोजनाको नाम | भुक्तानी | कार्यालयको | बढी | परिमाण | जम्मा रु |
| २०८।०७९।२।२५चुनगेर | हनुमान फुटबल मैदान उ स | ५४.८१ | ५१.३७ | ३.४४ | १२८० | ४४०३ |
| २०९।२०७९।२।२५ | झाँक्री डाँडा सातिभञ्ज्याङ्ग | ५४.८१ | ५१.३७ | ३.४४ | ८०७२ | २७७६८ |
| २५९।०७९।३।६चुनगेर | विटौरा बाल्काथान सडक | ५४.८१ | ५१.३७ | ३.४४ | ४५५१ | १५६५५ |
| २६१।०७९।३।०७ ए वन | आलिखोला पधेरा बिसमुरे | ५४.८१ | ५१.३७ | ३.४४ | १२००७ | ४१३०४ |
| २८५।०७९।३।१३ | देउराली डाँडा खेलकुद मैदान | ५८.२ | ५१.३७ | ६.८३ | ४६८४ | ३१९९२ |
| २८९।०७९।३।१४ | बेलेखु खेलमैदान | ५४.८१ | ५१.३७ | ३.४४ | ५७८९ | १९९१४ |
| २९२।०७९।३।१४ | चारकोट सिंचाइ प्रतिक्षालय | ५४.८१ | ५१.३७ | ३.४४ | १३०३ | ४४८२ |
| ३१८।०७९।३।१६ हितसी | नयाँ साघु चिलाउने सडक | ५४.८१ | ५१.३७ | ३.४४ | ३१८२ | १०९४६ |
| ९५।०७९।१।१५ | नयाँ साँघु खेलकुद मैदान | ५४.८१ | ५१.३७ | ३.४४ | | ० |
| ११६।०७९।१।१६ | जयश्री भिमसेन कन्ट्रक्सन | ५४.८१ | ५१.३७ | ३.४४ | ४०२२ | १३८३६ |
| १२१।०७९।१।१७ | चिउरी डाँडा खेलकुद मैदान | ५४.८१ | ५१.३७ | ३.४४ | ३३२८ | ११४४८ |
| १२३।०७९।१।१७ जयश्री | घुमाउने डाँडाबाट खुलाल गाँउ | ५४.८१ | ५१.३७ | ३.४४ | २४७० | ८४९७ |
| १३७।०७९।९।१७ जयश्री | जोबारी वाङ्गेडाँडा लाङ्गादी वेशी | ५४.८१ | ५१.३७ | ३.४४ | २४९३ | ८५७६ |
| | | | | | ५३१८१ | १९८८२१ |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **सामाजिक सुरक्षा भत्ता वितरणः**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण लगत कट्टा तोकिएको मितिभित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरि सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी यो वर्ष रु. १६,२१,९१,१०४ खर्च गरेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन । | |
| ४२ | | | **नागरिकता नम्बर दोहोरो भएको:** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानिय तह विभाग र वैंक/ वित्तिय संस्थावीच प्रणालीगत सम्बन्ध स्थापित गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी वनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरि अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानिय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सवैभन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाको परीक्षण गर्दा १५लाभग्राहीको नागरिकता नम्बर दोहोरो उल्लेख गरी सामाजिक सुरक्षा भत्ता वापत रु ६०७,४४०भुक्तानी गरिएको छ। के कसरी नागरिकता नम्बर दोहोरो भएको हो गाँउपालिकाबाट यकिन गर्नुपर्दछ। साथै अन्य वडाहरुको समेत लाभग्राहीको विवरण अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ।नागरिकता नम्बर दोहोरो भएका केहि लाभग्राहीहरुका उदाहरणहरु निम्नानुसार छन् | |

| सि.न | लाभग्राहीको किसिम | नाम | लिङ्ग | जन्म मिति | वडा न. | नागरिकता नम्बर | भत्ता |
|---|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक | आइती माया वि.क | महिला | ०५/१५/२००७ | ६ | ३९४ | ४८००० |
| २ | एकल महिला | देवी वोहोरा | महिला | १२/१०/२०१९ | ६ | ३९४ | ३१९२० |
| ३ | जेष्ठ नागरिक | अमर बहादुर घले | पुरुष | १२/१०/१९८० | ६ | ३५३ | ४८००० |
| ४ | जेष्ठ नागरिक दलित | कमल माया सार्की | महिला | ०१/१६/२०१५ | ६ | ३५३ | ३१९२० |
| ५ | जेष्ठ नामगरिक | कृष्ण कमारी वाँनिया | महिला | ०४/१४/२००७ | ६ | २६१ | ४८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | जेष्ठ नागरिक | तेज बहादुर खत्री | पुरुष | ०२/०१/२००९ | ६ | २६१ | ४८००० |
| ७ | एकल महिला | शारदा ढकाल | महिला | १२/१८/२०१८ | ८ | ३५८ | ३१९२० |
| ८ | जेष्ठ नागरिक | जारसिँह गुरुङ्ग | पुरुष | १०/२८/१९८५ | ८ | ३५८ | ४८००० |
| ९ | जेष्ठ नागरिक | बीर बहादुर गुरुङ्ग | पुरुष | ०८/१५/२००७ | ८ | ३५८ | ४८००० |
| १० | जेष्ठ नागरिक | ख माया तामाङ्ग | महिला | ०१/१५/१९९९ | ८ | ९६१ | ४८००० |
| ११ | एकल महिला | कौ मति तामाङ्ग | महिला | ०६/०६/२०२२ | ८ | ९६१ | ३१९२० |
| १२ | जेष्ठ नागरिक दलित | काले कामी | पुरुष | ०२/०८/२०१० | ८ | ३२६ | ३१९२० |
| १३ | जेष्ठ नागरिक दलित | कुलमान विश्वकर्मा | पुरुष | ०७/०३/२०१७ | ८ | ३२६ | ३१९२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४</td><td>जेष्ठ नागरिक दलित</td><td>सुख माया सार्की</td><td>महिला</td><td>०८/२६/२०१७</td><td>८</td><td>३२८</td><td>३१९२०</td></tr>
<tr><td>१५</td><td>जेष्ठ नागरिक</td><td>जारसिंह गुरुङ्ग</td><td>पुरुष</td><td>१०/२८/१९८५</td><td>८</td><td>३२८</td><td>४८०००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>६०७,४४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>
मृत्यु पश्चात भत्ता भुक्तानीः<br>
